सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, ताप्लेजुङ

अध्यक्ष – ९८०७९२८५५५
उपाध्यक्ष - ९८५२६८११७१
प्र प्र अ -९८५२६६०१५३

प .स. २०७९/०८०
च.नं.९४०

सूचना प्रकाशन मितिः २०८०/०२/२५

## स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यायदेश, २०८० बमोजिम तह वृद्दि सम्बन्धी सूचना

(सूचना नं. १३/२०७९/८०)

यस गाउँपालिकामा कार्यारत स्थानीय सेवाका कर्मचारीहरुको तह वृद्दिको लागि कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यायदेश, २०८० को दफा ४ को उपदफा ५, दफा ८ को उपदफा १६ र दफा १८ बमोजिम तह वृद्दि हुने सम्भाव्य उम्मेदवारहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्भाव्य उम्मेदवारहरुले मिति २०८०/०३/२५ गतेसम्म कार्यालय समयभित्र यस सिदिङवा गाउँपालिकाले स्वीकृत गरेको कर्मचारी तह वृद्दि सम्बन्धी कार्यविधि, २०८० को अनुसूची- १ बमोजिम दरखास्त दिनुहुन सूचना गरिन्छ। म्याद समाप्त भएपछि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

ख. सुरु नियुक्तिदेखि हालसम्मको नियुक्ति/पदस्थापन पत्रहरुको प्रतिलिपी।

ग. तह वृद्दि भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी।

घ. सिदिङवा गाउँपालिकाको कर्मचारी तह वृद्दि सम्बन्धी कार्यविधि, २०८० को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

ङ. स्थानीय सेवा गठन तथा सञ्चालन अध्यायदेश, २०८० को दफा २८ र कर्मचारी तह वृद्दि सम्बन्धी कार्यविधि, २०८० को दफा ६ बमोजिम योग्यता र सेवा अवधि पुगेको हुनुपर्नेछ। अध्यायदेशको दफा ४ को उपदफा ५ बमोजिम तह वृद्दि हुनेको हकमा तेस्रो र चौँथो तहमा समायोजन भई अध्यायदेश जारी हुँदाका दिनसम्म पाँच वर्ष पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ।

च. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

छ. दरखास्त फाराममा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको हकमा समायोजनपूर्वको सेवा समूह स्पष्ट उल्लेख गर्नुपर्नेछ।

ज. सम्भाव्य उम्मेदवाहरुले आफूले कुन दफा बमोजिम तह वृद्दि हुने हो सो दफा समेत खुलाएर दरखास्त पेश गर्नुपर्नेछ।

झ. दरखास्त फाराम गाउँपालिकाको वेब साइट www.sidingbamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

रुद्र प्रसाद बेघा
निमित्त प्रमुख प्रशासकीय अधिकृत